# सूचना ! सूचना !! सूचना !!!

सम्पूर्ण बेरोजगार (सरोकारवाला) व्यक्तिहरु
बागमती गाउँपालिका
भट्टेडाँडा, ललितपुर

**विषयः बेरोजगारी निवेदन दर्ता सम्बन्धमा ।**

उपर्युक्त विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा निम्न अनुसार रहेको छ ।

देबकी आचार्य
रोजगार संयोजक

*नोटः निवेदन दिन आउँदा निवेदनको ढाँचामा उल्लेख भएको सम्पूर्ण विवरण उपलब्ध नभएसम्म राष्ट्रिय बेरोजगारीको सूचीमा सुचिकृत गर्न नसकिने भएकोले यहाँहरुले निवेदन दर्ता गर्दा आफ्नो परिवारको पूर्ण तथा यथार्थ अभिलेख उल्लेख गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । निवेदन दर्ता गर्न जाँदा निम्न अनुसारको कागजपात्र वा सूचना लिई वडा कार्यालायमा गई निवेदन दर्ता गराउनुहुन अनुरोध गर्दछौं ।*

*१. निवेदकको नागरिकताको फोटोकपी*

*२. सम्पूर्ण परिवारको सदस्यको नागरिकता भएका व्यक्तिको नागरिकता नं., जन्म मिति, नागरिकता जारी मिति, जारि जिल्ला, शैक्षिक योग्यता र रोजगारीको अवस्था, नागरिकता नभएको बालबालिकाको हकमा जन्म दर्ता (यसका आधारमा निर्वाह भत्ता प्रदान गर्नुपर्ने परिवार हो भने पहिचान गर्नको लागि यो सूचना आवश्यक रहेको हुन्छ)*

*३. निवेदकको एक प्रति पासपोट साइजको फोटो ।*

*४. विकास निर्माण र श्रमिकको रुपमा काम गर्न इच्छुक व्यक्तिले मात्र निवेदन पेश गर्नुहोला ।*

*५. निम्न अनुसारको निवेदनको फारम पूर्ण नभएको खण्डमा बेरोजगार हो भनेर प्रमाणित गर्न नसकिने भएका कारण अनुभव, परिवारको संख्याका आधारमा परिवारको विवरण सम्पूर्ण उल्लेख गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । अन्यथा कसैलाई पनि बेरोजगारको सूचिमा दर्ता गर्न नसकिने तथा कुनै पनि काममा संलग्न गराउन  सकिने छैन । गत आर्थिक वर्षमा निवेदन दर्ता गराउनु हुने कसैको पनि निवेदन पूर्ण अवस्थामा नआएका कारण काम गर्न गठिनाई रहेको व्यहोरा समेत जानकारी गराउदछु ।*

*६. कुनै पनि मिति लेख्नु पर्ने स्थानमा वर्ष, महिना र गते उल्लेख नगरेसम्म निवेदन दर्ता हुँदैन त्यसैले पूर्ण लेखिदिनु होला । वर्ष मात्र उल्लेख गर्नु भएको खण्डमा कम्प्युटर सफ्वयरले स्वीकार गर्दैन । आदि ।*